नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

**निजामती कर्मचारी अस्पतालको**

**कार्यकारी निर्देशकको आवश्यकता सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७३/०८/१६)

निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ (संशोधन समेत ) अनुसार गठित यस निजामती कर्मचारी अस्पतालले बहालवाला तथा अवकाशप्राप्त निजामती कर्मचारी तथा तिनका परिवार र सर्वसाधारण नेपाली नागरिकको स्वास्थ्य उपचार सम्बन्धी कार्य गर्दै आइरहेको छ । यस अस्पतालमा कार्यरत कार्यकारी निर्देशकको पदावधि समाप्त भई पद रिक्त भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट कार्यकारी निर्देशक पदको लागि दरखास्त आह्वान गरिन्छ । दरखास्त पेश गर्ने उम्मेदवारह रुबीच सिफारिस समितिद्वारा स्वीकृत छनौट सम्बन्धी कार्यविधि बमोजिम प्रतिष्पर्धा गरा ई सिफारिस समितिले सिफारिस गरेको ब्यक्ति मध्येबाट कार्यकारी निर्देशकको नियुक्ति हुनेछ । कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकार निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ तथा सो अन्तर्गत बनेका अन्य नियम/विनियम बमोजिम हुनेछ ।

कार्यकारी निर्देशकको सेवा, सुविधा निजामती कर्मचारी अस्पताल विकास समितिले तोके बमोजिम हुनेछ । निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ बमोजिम देहायको योग्यता पुगेका व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिफारिस समितिको सचिवालय, सामान्य प्रशासन मन्त्रालयमा आगामी चार वर्षको व्यावसायिक कार्ययोजना (Business/Professional Plan) समेत संलग्न गरी सिलबन्दी दरखास्त पेश गर्न सक्नेछन् ।

क) स्वास्थ्य क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य गरेको ।

ख) चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन विषयमा स्नातकोत्तरको शैक्षिक उपाधि हासिल गरेको ।

ग) पैंतालिस वर्ष उमेर पूरा भएको ।

**(पुनश्च:** कार्यकारी निर्देशकको छनौट सम्वन्धी कार्यविधि, २०७३ तथा अस्पतालको आधारभूत जानकारी सम्बन्धी विवरण सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त गर्न सकिने छ ।)